# मिति २०८०/१२/२७ गते मंगलबार, १५५ औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. नयाँ वर्षको शुभकामना सम्बन्धमा।
२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।
३. घोराही उपमहानगरपालिकाको मासिक खर्च विवरण सम्बन्धमा।
४. योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा।
५. प्रदेश विशेष योजना छनौट सम्बन्धमा
६. नदीजन्य पदार्थ उठाउन माग गर्ने सम्बन्धमा।
७. MTEF र वार्षिक बजेट निर्माणका लागि कार्यदल गठन सम्बन्धमा।
८. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
९. कार्यविधि सम्बन्धमा।
१०. आयोजना बैंक सम्बन्धमा।
११. VO स्वीकृत सम्बन्धमा। (वडा नं. १२ डाँडागाउँ पतेनीहुँदै वडा कार्यालय जाने बाटो स्तरउन्नती)
१२. लैङ्गीक हिंसा नियन्त्रीत नगर घोषणाका लागि सूचकहरु स्वीकृत गर्ने सम्बन्धमा।
१३. DPR गर्ने सम्बन्धमा। (वडा नं. ५ धारापानीदेखि डाँगीगाउँसम्मको सडक तथा रज्जे मन्नामे तुइखोला स्यानी चौरमा जलाशय निर्माणका लागि)
१४. ठेक्का रद्द गर्ने सम्बन्धमा।
१५. उमेर हद कटेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको विदाई कार्यक्रम खर्च स्वीकृत गर्ने सम्बन्धमा।
१६. लागत सहभागिता रकम फिर्ता गर्ने सम्बन्धमा। (वडा नं. १७ पचुर्खा उज्वल टोल मोहन वलीको घरजाने बस्ती जोडने कल्भर्ट निर्माण)
१७. नेपाल रेडक्रस सोसाइटीको भवन अभिलेखिकरण सम्बन्धमा।
१८. नेपाल कुसुण्डा विकास समाजलाई भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।
१९. विविध

- अखिल नेपाल महिला संघ जिल्ला कमिटीलाई आर्थिक सहयोग।
- स्वतन्त्र विद्यार्थी युनियन महेन्द्र बहुमुखी क्याम्पस घोराहीलाई भलिबल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग।
- किरिया खर्च उपलब्ध गराउने सम्बन्धमा।
- कुसुन्डा भाषा कक्षा संचालनका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

**निर्णय नं. १**

नयाँ वर्ष २०८१ सालको पावन अवसरमा नगरवासीहरुमा सुख, शान्ति, समृद्धी एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो। साथै आगामी नयाँ वर्षमा हामी सबैमा नयाँ उत्साहका साथ काम गर्ने जागर अझ बढी मिलोस भनि सबैमा शुभकामना व्यक्त गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको  योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक वा उपप्रमुखज्यूबाट अनुगमन प्रतिवेदन प्रस्तुत गर्नुभयो। प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुहरुलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको हालसम्मको आय व्ययको विवरण माथि छलफल गरियो। हालसम्म संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको अनुदान तथा आन्तरिक आयको आधारमा आगामी दिनमा योजना तथा कार्यक्रम प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकामा आ.व. २०८१/८२का लागि प्रदेश सरकारको विशेष अनुदान तर्फ सञ्चालन हुने योजना छनौट सम्बन्धमा तपसिल बमोजिमका प्राथमिकता निर्धारण  गरी विशेष अनुदान संचालन कार्यविधि २०७६ (पहिलो संशोधन  २०८०) को अनुसुची १ बमोजिमको ढाँचामा प्रदेश सरकारमा आयोजना मागका लागि प्रस्ताव पेश गर्ने।

**तपसिलः**

१. बलामपुर खानेपानीको पाइपलाइन विस्तार तथा ओभरहेड ट्याङ्की निर्माण वडा  नं. २

२. आधारभूत विद्यालय वेलघारीको पूर्वाधार निर्माण वडा नं. १८

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका वडा नं. ७ गुर्जे खोला पुलदेखि करिब ३०० मिटर तल हापुर खोला र गुर्जे खोलाको दोभान माथि खोलाले वर्षेनी नदीजन्य पदार्थ थुपारी खेतियोग्य जमिन कटान गरेको हुँदा उक्त क्षेत्रबाट २६५२ घ.मी. ग्राभेल उठाउदा खेतीयोग्य जमिनको कटान रोकिने भनि प्राविधिक प्रतिवेदन प्राप्त  भएकोले उक्त स्थानबाट प्राविधिक प्रतिवेदनबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ उठाउन अनुमतिका लागि  जिल्ला विपद व्यवस्थापन समिति दाङमा अनुरोध गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको विभिन्न मितिमा बसेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने।

**७.१** घोराही उपमहानगरपालिका अन्तर्गतका संस्थागत शैक्षिक गुठीको रुपमा अनुमति माग गरेका विद्यालयहरुको विधान स्वीकृत गर्ने नगर शिक्षा समितिको मिति २०८०।१२।०५ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

**७.२** घोराही उपमहानगरपालिकामा रहेका तपसिल बमोजिमका सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट कक्षा थपका लागि प्राप्त भएका निवेदन साथ प्राप्त फाइल अध्ययन गर्दा कक्षा थपका लागि अनुमती दिन मनासिव रहेको नगर शिक्षा समितिको मिति २०८०।१२।२७ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

| सि.न. | विद्यालयको नाम | ठेगाना | थप कक्षा माग |
|---|---|---|---|
| १ | ज्ञान ज्योति प्रा.वि. पेरनी | घोराही १० | ५ |
| २ | प्राथमिक विद्यालय क्वाडी | घोराही १७ | ४ |
| ३ | मदरसा दारुलहुदा अलसलफिया आ.वि. | घोराही १४ | ९ |
| ४ | गणेश प्रा.वि. सेवार वगाले | घोराही १३ | ५ |
| ५ | माता पवित्रादेवि सांगवेद संस्कृत आ.वि. | घोराही ७ | ९ |
| ६ | पाण्डेश्वरी इ. स्कुल | घोराही १२ | ५ |
| ७ | मोडेल इ. बोडिङ स्कुल | घोराही १० | १० |
| ८ | शुभतारा एजुकेशन एकेडेमी | घोराही १० | ७ |
| ९ | युरो किड्स विद्यालय | घोराही १५ | २ |
| १० | शुभ सन्देश शिक्षा सदन | घोराही १५ | ९ |
| ११ | बहुआयामिक शिक्षा सदन प्रा. लि. | घोराही ६ | ७ |
| १२ | बाल प्रतिभा इ.बो. स्कुल | घोराही १० | ८ |
| १३ | राज विद्या पाठशाला | घोराही १८ | ९ |
| १४ | हेरिटेज प्राइमरी स्कुल | घोराही १४ | ३ |
| १५ | एप्पल एकेडेमी | घोराही १० | १ |
| १६ | क्यासपियन एकेडेमी स्कुल प्रा.लि. | घोराही ५ | ८ |
| १७ | बाल सहारा मन्टेश्वरी | घोराही ९ | नर्सरी |
| १८ | स्करल्याण इ. मिडियम बोडिङ स्कुल | घोराही ६ | ७ |
| १९ | नवज्योति विद्या निकेतन स्कुल | घोराही १३ | १० |
| २० | इभर ग्रीन इ. स्कुल | घोराही १७ | ७ |
| २१ | हिमचुली स्कुल | घोराही १६ | ३ |
| २२ | सभ्यता पाठशाला | घोराही १५ | ६ |
| २३ | सिद्ध एकेडेमी | घोराही १७ | २ |
| २४ | हरि ॐ प्राथमिक विद्यालय भैसापथ्रा नैनावार | घोराही ५ | ५ |

**निर्णय नं. ८**

८.१ घोराही उपमहानगरपालिकाको मध्यम कालिन खर्च संरचना निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी कार्यदल गठन गर्ने।

**तपसिलः**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| लेखा अधिकृत | -सदस्य |
| तथ्याङ्क अधिकृत | -सदस्य |
| सूचना प्रविधि अधिकृत | -सदस्य |
| कम्प्युटर अपरेटर | -सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | -सदस्य सचिव |

८.१ घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८१/८२को वार्षिक बजेट निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी कार्यदल गठन गर्ने।

**तपसिलः**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| वित्तीय व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| आन्तरिक व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| राजश्व तथा बजेट व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| तथ्याङ्क अधिकृत | -सदस्य |
| सूचना प्रविधि अधिकृत | -सदस्य |
| कम्प्युटर अपरेटर | -सदस्य |
| पूर्वाधार विकास महाशाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाका विभिन्न शाखाबाट पेश भई विधेयक समितिको २०८०।१२।२६ गते बसेको बैठकमा छलफल भई पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु आगामी बैठकबाट पारित हुनेगरी अध्ययनका लागि टेबुल गरियो।

**तपसिल**

१. सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि २०८०
२. घोराही उपमहानगरपालिकाको भूमी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

**निर्णय नं. १०**

आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि घोराही उपमहानगरपालिकाले आफ्नो आवश्यकता र प्राथमिकता निर्धारण गरी क्षेत्रगत रुपमा आयोजनाहरु एकिकृत गरी आयोजना बैंक निर्माण गर्ने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका अन्तर्गत ठेक्का नं. NCB/WORKS/GSMC/37/079/080 वडा नं. १२ डाँडागाउँ पतेनीहुँदै वडा कार्यालय जाने बाटो स्तरउन्नती योजनाको इस्टिमेटमा Plumb Concrete को लम्बाई १०० मिटर रहेको र RCC Canal को हाइट १.५ मिटर रहेकोमा हाइट कम गरी Plumb Concrete Drain को लम्बाई बढाउन अत्यावश्यक भई इस्टिमेटमा भएको Quantity मा फेरबदल हुन आएको भनि पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखाबाट प्रतिवेदन पेश हुन आएकोले भेरिएसन अर्डरको आवश्यकता र औचित्यका सम्बन्धमा सम्बन्धीत महाशाखा जिम्मेवार रहनेगरी विशेषज्ञ समूहको सिफारिसमा टेण्डर स्वीकृत भएको बोल कबोल रकममा नबढने गरी उक्त ठेक्कामा भेरिएसन अर्डर १ स्वीकृत गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रीत उपमहानगर घोषणाका लागि निर्माण गरिएका तपसिल बमोजिमका सूचकहरु अनुमोदन गर्ने।

**आधारभूत सूचकहरुः**

१. व्यक्ति घरपरिवार र समाजमा लिंगका आधारमा विभेद वेवास्था हेला दुर्व्यवहार तथा कुनै प्रकारका हिंसा भएको हुनेछनै।

२. घरपरिवार समाज र कार्यस्थलमा महिला विरुद्ध धार्मिक सामाजिक साँस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधार शारीरिक मानसिक आर्थिक यौनजन्य मनोवैज्ञानिक या अन्य कुनै प्रकारको हिंसाजन्य कार्य वा शोषण गरिने छैन।

३. घरपरिवार र समाजमा शिक्षा स्वास्थ्य लगायतका आधारभूत सेवामा लैंगिक विभेद भएको हुनेछैन।

४. व्यक्ति, परिवार र समुदायले लैंगिक हिंशा प्रभावितलाई कानूनी उपचारका लागि प्रोत्साहन गरेका हुनेछन् ।

५. समुदाय र वडा स्तरमा महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन र पोषण लगायतका सेवा तथा सुचनाहरु प्रदान गरिएको हुनेछ ।

६. लैंगिक हिंसाबाट पिडितको घरपरिवार र समाजमा उचित पुनर्स्थापनाको व्यवस्था भएको हुनेछ ।

७. बलपूर्वक गर्भधारण, जर्वजस्ती गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा गर्ने कार्यमा कमी आएको हुनेछ ।

८. छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीती र अन्धबिश्वासमा कमी आएको हुनेछ ।

९. समान कामको समान ज्याला निर्धारण गरी लागू भएको हुनेछ ।

१०. मुक्त कमलरीको उचित पुनरुथापना भएको हुनेछ ।

११. नगरका सबै संरचनाका निर्णय प्रक्रियामा महिलाका आवाजहरु समेटिएको हुनेछ ।

१२. बार्षिक, आबधिक र दिर्घकालिन योजना तर्जुमा गर्दा लैंगिक हिंशा नियन्त्रण र महिलालाई प्रत्यक्ष लाभ हुने खालका योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयन गरेको हुनेछ ।

१३. बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास संस्था र सामुदायीक संस्थाहरु नियमित बैठक बसी लैंगिक हिंशाबिरुद्ध क्रियाशिल भएका हुनेछन् ।

१४. हरेक तहमा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद्का आधारमा अवसर प्रदान गरिएको हुनेछ ।

१५. असहाय अबस्थामा रहेका हिंशा प्रभावित महिलालाई सिप, क्षमता प्रदान गरी जिविकोपार्जनको व्यवस्था गरिएको हुनेछ ।

१६. स्वास्थ्य संस्थाहरुले लिंग पहिचान गरी गर्भपतन गर्ने कार्यलाई दुरुत्साहन गरेका हुनेछन् ।

१७. बिद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण भएको हुनेछ ।

१८. विद्यालयहरुमा लैंगिक हिंशा बिरुद्धका अतिरिक्त कक्षाहरु सञ्चालन भएका हुनेछन् ।

१९. विद्यालयहरुमा लैंगिक संवेदनशीलतालाई असर गर्ने क्रियाकलापहरुको नियमित अनुगमन गरी व्यवहार परिवर्तन भएको हुनेछ ।

२०. सञ्चार माध्यमहरुबाट लैंगिक हिंशा नियन्त्रणका अभियानहरुलाई महत्वका साथ प्रचारप्रसार गरिएको हुनेछ ।

२१. लैंगिक हिंशा दुरुत्साहन हुने खालका सामग्री प्रकाशन, प्रसारण नगरी सञ्चार माध्यमले आचारसंहिता र लैंगिक उत्तरदायी सञ्चार निर्देशिकाको पालना गरेका हुनेछन् ।

**संस्थागत सूचकहरुः**

१. नगर र सबै वडाहरुमा लैङ्गिक हिंसा नियन्त्रण समित गठन भई क्रियाशील भएका हुनेछन् ।

२. नगर, वडा, विद्यालय र स्वास्थ्य संस्थामा लैंगिक हिंशा नियन्त्रण सम्बन्धी संस्थागत संरचना बनाई लैंगिक हिंशा बिरुद्धका गतिबिधि प्रवद्र्धन गरिएको हुनेछ ।

३. सार्वजनिक सेवा प्रवाहका संस्था तथा कार्यालयहरुले लैंगिक हिंशा नियन्त्रणका लागि आचारसंहिता तयार गरी लागू गरेका हुनेछन् ।

४. न्यायीक समितिमा लैंगिक हिंशाका विवाद्लाई प्राथमिकता दिई यथाशिघ्र फछ्र्योट गरिएको हुनेछ ।

५. लैंगिक हिंशा प्रभावितलाई तत्काल उद्धार गरी अल्पकालीन आश्रय स्थल (सेफ हावस) मा संरक्षण गरी मनोबिमर्श सेवा प्रदान गरिएको हुनेछ ।

६. नेपाल प्रहरीको महिला तथा बालबालिका इकाईमा लैंगिक हिंशाका उजुरीलाई प्राथमिकता दिई यथाशिघ्र प्रभावितको सुरक्षा र न्यायमा पहुँच बृद्धि गरिएको हुनेछ ।

७. उपमहानगरपालिकाले स्थानीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याएको हुनेछ ।

८. उपमहानगरपालिकामा लैंगिक हिंशा निवारण कोष स्थापना गरिएको हुनेछ ।

९. लैंगिक हिंसाका घटनाहरुको उजुरी लिने, व्यवस्थापन गर्ने, सुनुवाई गर्ने तथा सिफारिश गर्ने स्थानीय संयन्त्रहरु वडादेखि नगर तहसम्म क्रियाशिल रहेका हुनेछन् ।

१०. लैंगिक हिंसाका घटना प्रभावितलाई सिफारिस प्रणाली अवलम्वन गरी आवश्यक सेवा प्रदान गरिएको हुनेछ ।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिमका आयोजनाहरु निर्माण गर्न अत्यावश्यक भएको र ती आयोजना कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारको समेत सहभागिता आवश्यकता रहेको हुँदा आयोजनाको वर्तमान अवस्थाको विस्तृत विवरणका लागि आयोजनाको डि.पि.आर. तथा आई.ई.ई. गर्ने।

१. घोराही ५ कुहिरेपानी-धारापानीदेखि डाँगीगाउँसम्म र डाँगीगाउँ, रज्जेमन्नामे हुँदै रिहारसम्मको सडक नाला, बस स्टप सहित १२ मिटर चौडाईको सडक कालोपत्रे।

२. घोराही ५ रज्जे मन्नामे तुइखोलाको स्यानी चौर बगरमा जलाशय निर्माणका लागि ड्याम निर्माण।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिकाबाट संचालित ठेक्का नं. NCB/WORKS/GSMC/05/078/079 घोराही १७ लख्वारे कुलोदेखि धर्नासम्म सडक विस्तार तथा पिच (थारु कल्याणकारी भवनदेखि गैरागाउँ चोकसम्म) निर्माण कार्यको लागि यस कार्यालय र सोहन/आबा(जे.भि.) विच मिति २०७८।१०।०७ मा खरिद सम्झौता समेत भैसकेकोमा निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न गर्न नसकेकोले पटक पटक मौखिक तथा लिखित पत्राचार(२०७९।०३।६, च.नं. ६७७९) गरिएकोमा उक्त कार्य संचालन गर्न निर्माण व्यवसायीबाट कुनै प्रतिक्रिया नजनाएकोले यस कार्यालयबाट मिति २०७९।१२।१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा निर्माण व्यवसायीलाई उपस्थित हुने सम्बन्धी पत्र, मिति २०८०।०३।१९ र २०८०।१०।०७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोडने? ठेक्का तोडनु नपर्ने कुनै मनासिव कारण भएमा ७ दिनभित्र विश्वासनीय स्पष्टीकरण सहित कार्यालयमा उपस्थित हुन भनि सूचना प्रकाशित गरिएकोमा निर्माण व्यवसायीले कुनै थप कार्य नगरेको, सम्पर्क विहिन भएको, साइटमा निर्माण कार्य नभएको, हाल निर्माण स्थलमा निर्माण व्यवसायीको कुनैपनि मेशिन उपकरणहरु निर्माण स्थलमा नदेखिएको र निर्माण कार्य अलपत्र परेको भनि सम्बन्धीत साईट इन्जिनियरको प्रतिवेदन पेश भएको तथा उक्त निर्माण व्यवसायीको कृषि विकास बैंक लिमिटेड घोराही शाखाबाट पेश भएको Guarantee No. PB/194/0454/5168/22 अनुसार रकम रु.१७,२०,०००।—(सत्र लाख विस हजार) मात्रको धरौटी जमानत समेत जफत गरिएको र बाँकी रहेको कार्य पुरा गर्नुपर्ने कानूनी व्यवस्था अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को दफा २ (क), ७,८ बमोजिम तथा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन)को नियम १२८ सहित र ठेक्का संझौतामा भएको प्रावधान GCC 75 बमोजिम Post Contract Termination Evaluation वाफतको रकम १,२३,५१,०९१.०२(एक करोड तेइस लाख एकाउन्न हजार एकानब्बे र पैसा दुई) र पूर्वनिर्धारित क्षतिपूर्ति वाफतको रकम ७,८७,४७८.८(सात लाख सतासी हजार चार सय अठहत्तर र पैसा आठ) गरी जम्मा रकम १,३१,३८,५६९.८२ (एक करोड एकतिस लाख अठतिस हजार पाँच सय उनानसत्तरी र पैसा बयासी) मात्र सरकारी बाँकी सरह असुलउपर गरी ठेक्का रद्द गर्ने साथै निर्माण व्यवसायीलाई ३ वर्षसम्म कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौमा सिफारिस गर्ने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाका १९ वटै वडामा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उमेर हदका कारण अवकाश हुने ४२ जना स्वयंसेविकाहरुलाई उहाँहरुले स्वास्थ्य सेवामा पुऱ्याउनु भएको योगदानको सम्मान स्वरुप जनही २४,०००।— (चौबिस हजार)सम्मान स्वरुप उपलब्ध गराई विदाई गर्ने। उक्त विदाईका लागि आवश्यक रकम घोराही उपमहानगरपालिकाको नगरसभाको १४औं अधिवेशनबाट जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रममा रहेका विभिन्न शीर्षकबाट रकमान्तर भई उमेर हद विदाई गरिएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई विदाई रकम शीर्षकबाट भएको खर्च अनुमोदन गर्ने।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिका वडा नं. १७ पचुर्खा उज्वल टोलको घर जाने बस्ती जोडने कल्भर्ट निर्माण योजना निर्माणका लागि उपभोक्ता समिति गठन भई योजना निर्माणका लागि विनियोजित रकम रु.५,००,०००।—को ५ प्रतिशत लागत सहभागिता वापतको रकम रु. २५,०००।— (रसिद नं. ४९२७९ मिति २०८०।०७।२३ गते) बुझाइएकोमा उक्त योजना सम्पन्न गर्नका लागि तयार गरिएको ल.ई. विनियोजित रकम भन्दा बढी हुन गएको साथै उक्त योजना ठेक्काबाट कार्यान्वयन गर्ने प्रक्रियामा गएकोले उपभोक्ताबाट बुझाइएको लागत सहभागिता वापतको रकम राजश्व तथा बजेट व्यवस्थापन शाखाबाट एकीन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने।

**निर्णय नं. १७**

नेपाल रेडक्रस सोसाइटी रक्त संचार सेवा केन्द्र दाङले घोराही उपमहानगरपालिका वडा नं. १५मा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको जग्गा कि.नं. २१८ मा तत्कालीन त्रिभुवन नगरपालिका कार्यालयबाट मिति २०५९।०१।१५ मा ईजाजत लिई मिति २०६१ सालमा १६५५ वर्ग फिटको जमिन तला पक्की घरको निर्माण कार्य सम्पन्न गरिएको साथै हाल उक्त घरको दोस्रो तलासमेत निर्माण सम्पन्न भई सकेकोले उक्त घर अभिलेखिकरणका लागि नेपाल रेडक्रस सोसाइटी रक्त संचार सेवा केन्द्र दाङबाट मिति २०७९।१२।१३ गते घर नक्सा अभिलेखिकरणका लागि निवेदन दिएकाले उक्त भवन घर नक्सा अभिलेखिकरणका लागि भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखालाई अनुमती दिने।

**निर्णय नं. १८**

घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित सुपैला खुटी गरुले टोल कुसुण्डा बस्तीमा रहेको बाटोदेखि दक्षिण तर्फ रहेको प्रति ऐलानी जग्गा मध्ये ८ धुर क्षेत्रफल जग्गा नेपाल कुसुण्डा विकास समाजलाई भवन निर्माणका लागि उपलब्ध गराउन १८ नं. वडा कार्यालयको वडा समितिको मिति २०८०।१२।०९गतेको निर्णय सहित वडा कार्यालयको च.नं. ३१४०, मिति २०८०।१२।१५ गतेको सिफारिस पत्रसाथ माग भई आएकोले उक्त जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९ बमोजिम निःशुल्क उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. १९**

१९.१ अखिल नेपाल महिला संघ जिल्ला कमिटी दाङको ९औं जिल्ला अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले रकम रु.२०,०००।—(विस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट अधिवेशनमा भएको खर्चको विल भर्पाई अनुसार भुक्तानी दिने।

१९.२ स्वतन्त्र विद्यार्थी युनियन महेन्द्र बहुमुखी क्याम्पस घोराही दाङलाई भलिबल प्रतियोगिता आयोजनाका लागि रकम रु.१२,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार उपलब्ध गराउने।

१९.३ घोराही उपमहानगरपालिका वडा नं. ४ निवासी बबिता पोखेलको रगत क्यान्सरबाट मृत्यू भएको उहाँको परिवारको अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई किरिया खर्च स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१९.४ भाषा आयोगको च.नं. ११७, मिति २०८०।०९।०४ गतेको पत्रबाट कुसुन्डा भाषाको संरक्षण, संवर्धन र भाषिक पुस्तान्तरणको लागि कुसुण्डा भाषा कक्षा संचालन गर्न आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले घोराही उपमहानगरपालिकाको महेन्द्र माध्यामिक विद्यालय धर्नामा कक्षा सहजीकरणका लागि भाषिक वृत्ति स्वरुप सहयोग रकम रु.९४,१५०।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।